नेपाली राजदूतावास
मस्कट, ओमान
Embassy of Nepal
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

# नेपाल-ओमान मैत्रीपूर्ण हाइकिङ

आज १० मे २०२५ शनिवारको दिन नेपाली राजदूतावास, मस्कटले नेपाल-ओमान मैत्रीपूर्ण हाइकिङको आयोजना गर्यो। नेपाली र ओमानी समुदायहरूबीच मैत्री सम्बन्ध विकास गर्ने, स्वास्थ्य प्रवर्द्धन गर्ने र वातावरणीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ यो हाइकिङको आयोजना गरिएको थियो।

ओमानको रियाम पार्कबाट बिहान ५:२० बजे सुरु भएर मत्रा फोर्ट हुँदै रियाम पार्कमा फर्केर हाइकिङ अन्त भएको थियो। करिब २ घण्टा अवधिको उक्त हाइकिङमा राजदूत श्री डोरनाथ अर्याल, पहिलो ओमानी महिला सगरमाथा आरोही श्री नादिरा अल हारथी, राजदूतावासका कर्मचारीहरू र परिवारका सदस्यहरू, नेपाली सङ्घसंस्थाका प्रतिनिधिहरु, ओमानी पत्रकारहरु तथा सामाजिक सञ्जालमा ख्याति प्राप्त व्यक्तिहरु गरी ४६ जनाको सहभागिता थियो।

ओमानको परराष्ट्र मन्त्रालय मार्फत आपत्कालीन अवस्थामा आवश्यक सुरक्षाको प्रबन्ध गरिएको थियो। हाइकिङ सुरु हुन अघि ओमानी सगरमाथा आरोही श्री नादिरा अल हारथीले हाइकिङ गर्दा ध्यान दिनुपर्ने कुराहरूको बारेमा बताउनुभएको थियो।

ओमानको अत्यन्त रमणीय दृश्य देखिने उक्त हाइकिङ ट्रेलमा सबै सहभागी निकै रमाउनुभएको थियो। सो हाइकिङ रुट प्रायः उत्तर मोहडा पर्ने हुनाले गर्मीको मौसममा पनि बिहान र साँझ सहजै हाइकिङ गर्न सकिन्छ।

वातावरणीय सजगताको लागि उक्त ट्रेलमा भएका प्लास्टिकका बोतल लगायतका फोहोर सहभागिहरुले हाइकिङको क्रममा संकलन गरेका थिए।

अन्तमा, राजदूत अर्याललले सहभागी सबैलाई धन्यवाद दिँदै आफूले पनि उक्त हाइकिङ ट्रेलमा धेरैपटक हाइकिङ गरेको, हाइकिङ रुटबाट ओमानको अत्यन्त रमणीय दृश्य देखिने र बाटामा पर्ने रङ्गीबिरङ्गी चट्टानहरू, पानी सहितको खोल्सा, केही रुख बिरुवा आदिले सबैलाई आकर्षण गर्ने कुरा बताउनुभयो।

**नेपाली राजदूतावास**
**मस्कट, ओमान**
**१० मे २०२५ (२७ वैशाख २०८२)**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman

**Nepal-Oman Friendship Hiking**

Today, the Embassy of Nepal in Muscat, Oman, organized a Nepal-Oman Friendship Hiking Program. The event aimed to foster friendship, promote wellness, and encourage environmental awareness among the Nepali and Omani communities.

The hiking commenced at 5:20 am from Riyam Park, proceeding through the historic Muttrah Fort and ended at Riyam Park. The approximately two-hour-long hike brought together a diverse group of 46 participants, including the Ambassador Dornath Aryal, the first Omani woman to summit Mt. Everest, Ms. Nadira Al Harthy, Embassy officials and their family members, representatives of Nepali community organizations, Omani journalists, and renowned social media influencers.

Emergency safety measures including ambulance were arranged through the Foreign Ministry of the Sultanate of Oman. Prior to the hike, Everest Climber Ms. Nadira Al Harthi briefed participants on important precautions and safety tips for hiking.

All participants enjoyed the hiking trail, which offers stunning views. Since the route mostly faces north, it is suitable for hiking in the early morning and evening even during the summer season.

As part of the environmental awareness initiative, participants also took part in collecting plastic bottles and other litter along the route, reinforcing the message of ecological responsibility.

Upon completing the hike, Ambassador Aryal thanked all the participants and recounted his personal experience on the trail. He praised the breath-taking scenery, highlighting the colourful rock formations, water-filled streams, and the variety of plants along the trail.

**The Embassy of Nepal**
**Muscat, Sultanate of Oman**
**10 May 2025**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman